# २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं ।

# २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।३।०४ को निर्णयानुसार बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक लगायतका जिल्लाहरुमा २०७१ सालको बाढी पहिरोका कारण घरबारविहीन भएका पीडित परिवारहरुलाई भूकम्पका कारण घरबार विहीन भएका पीडित परिवारलाई उपलब्ध गराए सरहको घर जग्गा सम्बन्धी सुविधा उपलब्ध गराउने निर्णय भएनुसार बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा २०७१ सालमा आएको बाढी र पहिरोबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माणका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम वितरण प्रकृयालाई सरल एवं व्यवस्थित बनाउन तथा पुनर्निर्माणका मापदण्ड तथा प्रकृया निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **नाम, विस्तार र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि २०७१ सालमा आएको बाढी र पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा लागू हुनेछ ।

(३) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**नेपाल सरकार**" भन्नाले मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ख) "**मन्त्रालय**" भन्नाले सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "**विभाग**" भन्नाले सहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ ।

(घ) "**डिभिजन कार्यालय**" भन्नाले विभाग अर्न्तगतको सम्बन्धित डिभिजन कार्यालय सम्झनु पर्छ ।

(ङ) "**कार्यक्रम कार्यान्वयन एकाइ**" भन्नाले दफा ८ को उपदफा (२) बमोजिमको कार्यक्रम कार्यान्वयन एकाइ सम्झनु पर्छ ।

(च) "**आवास**" भन्नाले स्वीकृत मापदण्ड, नक्शा एवं डिजाईन अनुसारको भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरी निर्माण गरिएका आवासीय घर सम्झनु पर्छ ।

(छ) "**लाभग्राही**" भन्नाले दफा ३ बमोजिम पहिचान भएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ज) "**स्थानीय निकाय**" भन्नाले जिल्ला विकास समिति, महानगरपालिकाहरु, उप-महानगरपालिकाहरु, नगरपालिकाहरु, र गाउँ विकास समितिहरु सम्झनु पर्छ ।

(झ) "**हकवाला**" भन्नाले पैत्रिक सम्पत्तिमा अंशहक पाउने व्यक्ति सम्झनु पर्छ ।

(ञ) "**जिल्ला प्रशासन कार्यालय**" भन्नाले सम्बन्धित जिल्लामा अवस्थित गृह मन्त्रालय अन्तर्गत प्रशासन कार्यालय सम्झनु पर्दछ ।

(ट) "**जिल्ला दैवी प्रकोप उद्धार समिति**" भन्नाले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ५ बमोजिम गठित केन्द्रीय दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।

(ठ) "**प्राविधिक**" भन्नाले डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट खटाईएका प्राविधिक सम्झनु पर्दछ ।

३. **<u>लाभग्राहीको पहिचान र छनौटका</u>** : (१) लाभग्राहीको पहिचान देहायबमोजिम हुनेछः

(क) २०७१ सालमा आएको बाढी र पहिरोबाट निजी आवास वा जग्गा र आवास पूर्णरुपमा क्षतिग्रस्त भएको भनी जिल्ला दैवी प्रकोप उद्धार समितिमा सूचिकृत र अनुमोदन भई पूनर्निर्माणको लागि सिफारिस भएको व्यक्ति वा परीवार ।

(ख) लाभग्राहीले बाढी र पहिरोबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थानमा वा अन्यत्र बसोबासयोग्य अर्को घर नभएको व्यक्ति वा परीवार ।

(२) लाभग्राहीको रुपमा छनौट हुनका लागि आवास धनीहरुले नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रदान गरिएको बाढी र पहिरोबाट प्रभावित भएको भन्ने निस्सा कागज हुनुपर्नेछ ।

(३) जग्गा नापी नभएको तर बस्ती बसेको अवस्थामा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गराई सम्बन्धित व्यक्तिको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरेको हुनुपर्नेछ ।

(४) लाभग्राहिको छनौट जिल्ला समन्वय समितिले गर्नेछ र छनौट गरिएका लाभग्राही लाई अनुदान सम्झौताको लागि सम्वन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइ समक्ष सिफारिस गर्नेछ ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको, सार्वजनिक, सरकारी र कुनै कारणबाट विवादित घडेरीको हकमा सिफारिस गर्ने छैन ।

(५) आवास निर्माणको लागि घडेरी नै नभएका र घडेरी भएपनि प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको, सार्वजनिक, सरकारी र कुनै कारणबाट विवादित घडेरी भएका व्यक्तिहरुको हकमा उपयुक्त जग्गा खरिद सहित आवास निर्माण गर्नु पर्ने लाभग्राही भनी जिल्ला समन्वय समितिले सिफारिस गर्नेछ ।

४. **<u>घर परिवारको गणना</u>** : (१) बाढी र पहिरो आउनु अगावै सम्बन्धित मालपोत कार्यालयमा अंशवण्डा कागज पारित गरेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गरिनेछ ।

(२) बाढी र पहिरो आउनु अगावै मानो छुट्टिभिन्न भई अलग अलग घर बनाई बसोबास गरेको तर अंशवण्डा कागज अडड्ाबाट पारित नगरेको भए स्थानीय निकाय प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा भएको सर्जमिन मुचुल्काबाट पुष्टिभई जिल्ला दैवी प्रकोप उद्धार समितिको अनुमोदनमा परेको प्रभावित घरधनीलाई छुटट्ै घर परिवारमा गणना गरिनेछ ।

(३) घर जग्गाको स्वमित्व भएको परिवारको सदस्य विदेशमा भएको अवस्थामा एकाघर संगोलको परिवारको नाता प्रमाणित भएका हकवाला लाई घर परिवारमा गणना गरिनेछ ।

(४) जग्गाधनीको मृत्यु भई स्वामित्व हकवालाहरुमा नामसारी हुन बाँकी भएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र सहित निवेदन दिएमा सबै हकवालाहरुको संयुक्त वा निजहरुको मन्जुरीमा हकवालामध्ये एक जनालाई घर परिवारमा गणना गरिनेछ ।

(५) सगोलमा रहेका परिवारका लाई एक परिवारका रुपमा मात्र गणना गरिनेछ ।

५. **नक्सा र डिजाइन** : (१) लाभग्राहिले बिभागबाट स्वीकृत भुकम्प प्रतिरोधी प्रविधि सहितका नमूना आवास नक्सा र डिजाइनहरु मध्येबाट कुनै एक डिजाइन छानी वा लाभग्राही स्वयंम आफैले तयार गरेको भुकम्प प्रतिरोधी डिजाइनबाट शौचालय सहितको आवास निर्माण गर्नु पर्नेछ ।

(२) उपदफ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान सम्झौता हुन अगावै घरधनी स्वंयले शौचालय सहितको भुकम्प प्रतिरोधी प्रविधिको घर निर्माण कार्य प्रारम्भ गरिसकेको हकमा निर्मित वा निर्माणाधीन आवास प्राविधिकले चेकजाँच गर्दा विभागबाट तोकिएको मापदण्ड पुरा गरेको भनी प्रमाणिकरण भई आएमा स्विकृत नक्सा र डिजाइन बमोजि नै भएको मानिने छ ।

(३) उपदफा (२) बमोजिम चेकजाँच गर्दा प्राविधिकले कुनै सुधार गर्न सुझाव दिएकोमा सो बमोजिम सुधार गरी प्राविधिकबाट प्रमाणिकरण भई आएमा समेत स्विकृत नक्सा र डिजाईन बमोजि नै भएको मानिने छ ।

६. **अनुदान सम्झौता र वित्तीय प्रबन्ध** : (१) लाभग्राहीहरु मध्ये घडेरी भएकालाई तीन लाख र घडेरी नभएकालाई तीनलाख पचास हजार अनुदान रकम उपलव्ध गराईनेछ ।

(२) लाभग्राहीका लागि तोकिएको अनुदान रकम मन्त्रालयले अर्थ मन्त्रालयसंग माग गर्नेछ र अर्थ मन्त्रालयबाट रकम प्राप्त भएपछि मन्त्रालयले सम्वन्धित डिभिजन कार्यालयमा पठाउनेछ ।

(३) लाभग्राहीलाई अनुदान उपलब्ध गराउन घडेरी भएका लाभग्राहीसंग अनुसूची-१ बमोजिमको ढाँचामा र घडेरी नभएका लाभग्राहीसंग अनुसूची-२ बमोजिमको ढाँचामा सम्वन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले अनुदान सम्झौता गर्नेछ ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको, सार्वजनिक, सरकारी र कुनै कारणबाट विवादित घडेरी भएका लाभग्राहीसंग सम्झौता गरिने छैन ।

(४) लाभग्राहीले अनुदान रकम प्राप्त गर्न डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइबाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ ।

(५) अनुसूची-२ बमोजिम सम्झौता भएका लाभग्राहीलाई घडेरी खरिद गर्न रु. ५०,०००।- बैक खातामार्फत उपलब्ध गराइनेछ । सो रकमबाट लाभग्राहीले सम्वन्धित जिल्लाको उपयुक्त स्थानमा घडेरी खरिद गर्नु पर्नेछ ।

(६) अनुदान सम्झौता भएका लाभग्राहीलाई आवास निर्माणका लागि तीन किस्तामा लाभग्राहिको बैंक खाता मार्फत अनुदान रकम डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाईले उपलब्ध गराउनेछ ।

(७) पहिलो किस्तामा वापत रु. पचास हजार रुपैयाँ रकम उपलव्ध गराईने छ । लाभग्राहीले सो रकम जग र प्लिन्थ सम्मको कार्य सम्पन्न गर्न खर्च गर्नु पर्नेछ ।

(८) पहिलो किस्ताको रकमबाट जग र प्लिन्थ सम्मको कार्य स्वीकृत नमूना डिजाइन र मापदण्ड बमोजिम निर्माण भएको भनी प्रविधिकबाट प्रतिवेदन सहित दोस्रो किस्ताको रकम भुक्तानिका लागि सिफारिस प्राप्त भएपछि दोस्रो किस्ता बापत एक लाख पचास हजार रुपैयाँ रकम उपलव्ध गराईनेछ । लाभग्राहीले सो रकम प्लिन्थ भन्दा माथि गाह्रो, झयाल ढोकाको चौकस राख्ने देखि छाना छाउनु पूर्वको तहसम्मको कार्य सम्पन्न गर्न खर्च गर्नु पर्नेछ ।

(९) दोस्रो किस्ताको रकमबाट उपदफा (८) बमोजिमको कार्य स्वीकृत नमूना डिजाइन र मापदण्ड बमोजिम निर्माण भएको भनी प्रविधिकबाट प्रतिवेदन सहित तेस्रो किस्ताको रकम भुक्तानिका लागि सिफारिस प्राप्त भएपछि मात्र तेस्रो तथा अन्तिम किस्ता बापत एक लाख रुपैयाँ उपलब्ध गराइनेछ । लाभग्राहीले सो रकम छाना छाउने, शौचालय निर्माण गर्ने र वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाँकी कार्य सम्पन्न गर्न खर्च गर्नु पर्नेछ ।

(१०) सम्झौता तथा खर्च सम्वन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्वन्धित डिभिजन कार्यालयको हुनेछ ।

(११) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान सम्झौता हुनु पुर्व नै कुनै लाभग्राही स्वयंले शौचालय सहितको आवास निर्माण गरीसकेको र प्राविधिकबाट दफा ५ को उपदफा (२) र (३) बमोजिम प्रमाणीकरण भएको अवस्थामा अनुदानको रकम एकमुष्ट रुपमा उपलब्ध गराइनेछ ।

(१२) नेपाल सरकारबाट निर्धारण गरिएको अनुदान रकम भन्दा बढी लागतको आवास निर्माण भएको भएमा अनुदान रकम भन्दा बढी रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ ।

(१३) नेपाल सरकारबाट उपलव्ध हुने अनुदानको सम्पूर्ण रकम जुन प्रयोजनका लागि उपल्वध गराईएकोहो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(१४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लाभग्राहीले अन्य कुनै स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास निर्माणका लागि अनुदान रकम वा आवास नै प्राप्त गरिसकेको भएमा यस कार्यविधि बमोजिमको अनुदान सहायता उपलब्ध गराइने छैन ।

(१५) कुनै लाभग्राहीको एक भन्दा बढी आवास क्षति भएको भएता पनि एउटा मात्र आवास भवन पुनर्निर्माणका लागि मात्र अनुदान पाउने छ ।

(१६) एकभन्दा बढी स्थानमा आवास भएको र बाढी पहिरोबाट क्षती भएको स्थान बाहेको अन्य स्थानको आवास क्षती नभएको लाभग्राहीलाई यो अनुदान सहायता उपलब्ध गराइने छैन ।

७. **अनुदान रकम फिर्ता गराइने** : कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपल्वध गराईएकोहो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा त्यस्तो अनुदानको रकम सम्वन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइले फिर्ता गराउनेछ ।

८. **निर्माण सम्पन्न भएको मानिने** : सम्झौता बमोजिमको शौचालय सहितको आवास एकाइ निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

९. **डिभिजन कार्यालयको भूमिका** : (१) अनुदान वितरण सम्वन्धमा डिभिजन कार्यालयको काम देहाय बमोजिम हुनेछ :-

(क) लाभग्राहीहरु संग अनुदान वितरण सम्झौता गर्ने ।

(ख) प्राविधिकहरुको सिफारिसको आधारमा अनुदानको रकम भुक्तानि दिने ।

(ग) लाभग्राहीहरुको आवास निर्माणको निरीक्षण र प्रमाणीकरणको लागि आवश्यकता अनुसार प्रविधिकहरु परिचालन गर्ने ।

(घ) आवास निर्माणमा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ङ) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र कार्यक्रमको प्रगतिको विवरण केन्द्रीय समन्वय समितिमा पठाउने ।

(२) डिभिजन कार्यालयमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन एकाइ रहनेछ ।

(३) कार्यक्रम कार्यान्वयन एकाइको काम कर्तव्यहरू देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी आवास निर्माण कार्य कार्यान्वयन गराउने ।

(ख) आवास निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ग) निर्माणाधिन आवास एकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने ।

(घ) लाभग्राहीको आवासको नक्सा, डिजाईन र निर्माण प्रविधि सम्बन्धी कार्यहरुको निरीक्षण तथा प्रमाणीकरण गर्ने ।

(ङ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी डिभिजन कार्यालयमा पेश गर्ने ।

(च) दोस्रो र तेस्रो किस्ताको रकम दिनु पूर्व स्वीकृत नमूना डिजाइन र मापदण्ड बमोजिम निर्माण भएको छ/छैन प्रमाणित गर्ने ।

१०. **केन्द्रीय समन्वय समिति** : अनुदान वितरण कार्यमा समन्वय र व्यवस्थापनका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक केन्द्रीय समन्वय समिति रहने छ :-

| | |
|---|---|
| (क) सचिव, सहरी विकास मन्त्रालय | संयोजक |
| (ख) सहसचिव, आवास तथा भवन महाशाखा, सहरी विकास मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, गृह मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय | सदस्य |
| (च) सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (छ) सहसचिव, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | सदस्य |
| (ज) महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | सदस्य |
| (झ) उप-महानिर्देशक, आवास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग | सदस्य सचिव |

११. **बैठक सम्बन्धी कार्यविधि** : (१) केन्द्रीय समन्वय समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यक्ता बमोजिम बस्नेछ ।

(२) केन्द्रीय समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) केन्द्रीय समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१२. **केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुदान वितरण सम्बन्धी आवश्यक नीति तथा बजेट व्यवस्था गर्ने ।

(ख) अनुदान वितरणको क्रममा विभाग, डिभिजन कार्यालय तथा जिल्ला समन्वय समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) लाभग्राहीको सूची सम्बन्धी जानकारी लिने ।

(घ) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउने ।

(ङ) आवश्यक्ता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

(च) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक मार्गदर्शन गर्ने ।

(छ) मन्त्रालय/ विभागद्धारा दिइएका निर्देशन तथा नियमहरु कार्यान्वयन गर्ने गराउने ।

(ज) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको क्रममा मन्त्रालय, विभागहरु, केन्द्रीय आयोजना समन्वय इकाई, डिभिजन कार्यालय/जिल्ला आयोजना कार्यान्वयन इकाईहरु तथा अन्य निकायहरुलाई आवश्यक निर्देशन दिने ।

(झ) कार्यक्रमको प्रगति समीक्षा गर्ने एवं सम्बन्धित केन्द्रीय निकायहरु बीच समन्वय गर्ने ।

(ञ) आवश्यक भएमा लाभग्राही र अन्य निकायहरु बीच समन्वय गर्ने गराउने । आवश्यकतानुसार उपसमिति / टोली बनाई अनुगमन गर्ने ।

१३. **जिल्ला समन्वय समिति** : (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वय हुने जिल्लामा देहाय बमोजिम एक जिल्ला समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| (ख) | प्रमुख, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग) | स्थानीय विकास अधिकारी | सदस्य |
| (घ) | प्रमुख, जिल्ला नापी कार्यालय | सदस्य |
| (ङ) | प्रमुख, मालपोत कार्यालय | सदस्य |
| (च) | प्रमुख, जिल्ला भूमिसुधार कार्यालय | सदस्य |
| (छ) | प्रमुख, जिल्ला बन कार्यालय | सदस्य |
| (ज) | प्रमुख, जिल्ला भूसंरक्षण कार्यालय | सदस्य |
| (झ) | प्रतिनिधि, उद्योग वाणिज्य संघ | सदस्य |
| (ञ) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| (च) | सम्बन्धित डिभिजन कार्यालयका प्रमुख | सदस्य सचिव |

(२) जिल्ला समन्वय समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यक्ता बमोजिम बस्नेछ ।

(३) जिल्ला समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) जिल्ला समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१४. **जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार** : जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(ख) लाभग्राहीको छनौट गर्ने र छनौट भएका लाभग्राहीको सूची केन्द्रीय समन्वय समितिमा पठाउने ।

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा जिल्लास्तरमा समन्वय कायम गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयन गर्न डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ र लाभग्राहीलाई आवश्यक सहयोग गर्ने तथा निर्देशन दिने ।

(ङ) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने ।

(छ) आवास निर्माणका लागि स्थानीय स्तरमा आपूर्ति हुन सक्ने बालुवा, गिटी, ढुङ्गा, काठ जस्ता निर्माण सामग्री आपूर्ति र व्यवस्थापनमा सहजीकरण गर्ने ।

(ज) आवास निर्माणका लागि आवश्यक पर्ने ईटा, जस्तापाता, सिमेन्ट, हुक, कब्जा जस्ता निर्माण सामग्रीहरु स्थानीय बजारमा यथेष्ट मात्रामा उपलब्ध गराउन, गुणस्तर कायम गर्ने गराउने तथा सोको नियमन गर्ने गराउने ।

(झ) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

(ञ) आवश्यकतानुसार उपसमिति तथा समितिहरु गठन गरी अनुगमनको कार्य गर्ने ।

१५. **तालिमको व्यवस्था** : (१) डिभिजन कार्यालयलले अनुदान वितरणहुने प्रत्येक जिल्लामा भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्वन्धी तालिमको व्यबस्था गर्नु पर्नेछ ।

(२) डिभिजन कार्यालयले आवास एकाइ निर्माणमा संलग्न हुने जनशक्तिलाई कार्यगत तालिमको व्यवस्था गर्नेछ ।

(३) आवास एकाइ निर्माण तालिममा लाभग्राहीहरूलाई प्राथमिकता दिइने छ ।

(४) डिभिजन कार्यालयको स्विकृती लिई कुनै स्वदेशी वा विदेशी संघसंस्थाहरुले समेत तालिम सञ्चालन गर्न सक्नेछन ।

१६. **निर्देशन पालना गर्नु पर्ने** : केन्द्रीय समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित निकायले पालना गर्नु पर्नेछ ।

१७. **विवादको समाधान** : डिभिजन कार्यालय, जिल्ला समन्वय समिति र लाभग्राहीहरु बीच कुनै विवाद उत्पन्न भएमा केन्द्रीय समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१८. **फरफारक हुने** : कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च मात्र फरफारक गरिनेछ ।

१९. **बेच बिखन गर्न नपाउने** : लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पाँच बर्ष सम्म बेचविखन गर्न पाउने छैन् ।

२०. **<u>कारबाही हुने</u>** : अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२१. **<u>सुविधा नपाउने</u>** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीहरुले नेपाल सरकारको अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन ।

२२. **<u>सहुलियत ऋण प्रवाहः</u>** भूकम्प पीडित सरह सामूहिक जमानीमा सहुलियत कर्जा तथा अन्य ऋण उपलब्ध गराइनेछ ।

२३. **<u>प्रचलिन कानून बमोजिम हुने</u>** : यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२४. **<u>कार्यविधिमा संशोधन</u>** : आवश्यकता अनुसार मन्त्रालयको सिफरिसमा नेपाल सरकारले कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

**अनुसूची १**

**दफा ६ उपदफा (३) संग सम्वन्धित**

**बाढी र पहिरोबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि जग्गा भएका लाभग्राहीसंग गरीने अनुदान सम्झौता-पत्र**

| | |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्धार समितिको निस्सा नं. | |
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

२०७१ साल …………महिना …………गते आएको बाढी र पहिरोबाट क्षतिग्रस्त भएका आवास पनुर्निर्माणका लागि ………………………………… जिल्ला ……………………… गाविस/नपावडा नं. ………………… गाँउ/टोल ………………………………………………… बस्ने श्री ………………………………………………………………… को नाती/नातीनी/बुहारी श्री ………………………… को छोरा/छोरी/श्रीमती वर्ष ………… को लाभग्राही श्री ……………………… (**यस पछि प्रथम पक्ष भनिने**) र ……………………… सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण बिभाग, डिभिजन कार्यालय, …………… (**यस पछि दोस्रो पक्ष भनिने**) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवास पुनर्निर्माण गर्न गराउन मिति २०७ …… साल ………. महिना………. गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं ।

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरु**

1. मेरो घर २०७१ साल …………महिना …………गते आएको बाढी पहिरोबाट क्षतिग्रस्त भएको ठीक साँचो हो ।
2. मेरो अर्को बसोबास योग्य घर छैन । मैले एउटा घर पुनर्निर्माण गर्नको लागि मात्र अनुदान माग गरेको छु ।
3. मैले अरु निकाय वा संघसंस्थाबाट घर पुनर्निर्माणका लागि अनुदान प्राप्त गरेको छैन र गर्ने पनि छैन ।
4. म/मेरो परिवारका लागि घर पुनर्निर्माण गर्नका निम्ति मेरो/मेरो परिवारको नाममा घडेरी जग्गा छ ।
5. मैले पुनर्निर्माण गर्ने घर बाढी र पहिरोबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३ एवं सम्झौता-पत्रमा उल्लिखित शर्त, मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउनेछु ।
6. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।
7. मैले प्राप्त गर्ने आवास पनुर्निर्माण अनुदान रकम घर पुनर्निर्माणको लागि मात्र खर्च गर्नेछु ।
8. मेरो घर पुनर्निर्माणका निम्ति उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा अन्य स्रोत जुटाई वा निर्व्याजी कर्जा वा भुकम्प पिडित सरह विशेष आवास कर्जाबाट निर्माण कार्य सम्पन्न गर्नेछु ।
9. पुनर्निर्माण कार्यक्रम अन्तर्गत दिइने अभिमुखीकरण तथा तालिम कार्यक्रममा म सहभागी हुनेछ ।
10. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत पहिलो किस्ता रकम रु. पचास हजार प्राप्त गर्नेछु ।
11. मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम प्लिन्थ तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय वा

कार्यक्रम कार्यान्वयन इकाइले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि दोस्रो किस्ता रकम रु. एकलाख पचास हजार प्राप्त गर्नेछु ।

12. मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम छाना छाउनु अगाडिको तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि तेस्रो किस्ता रकम रु. एक लाख प्राप्त गर्नेछु ।
13. तेस्रो किस्ताको रकम छाना छाउने, शौचालय निर्माण गर्ने र वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाँकी कार्य सम्पन्न गर्न खर्च गर्नेछु ।
14. छाना निर्माण सम्पन्न भएपछि घरको पुनर्निर्माण कार्य स्वीकृत मापदण्ड र प्रविधि बमोजिम भए नभएको सम्बन्धमा प्रमाणीकरण गर्न गराउन मेरो मञ्जुरी छ ।
15. मेरो घर निर्माण कार्य तोकिएको गुणस्तर, मापदण्ड र प्रविधि अनुरुप नभएमा आफ्नो स्रोत, साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ ।
16. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (डिभिजन कार्यालय, ................) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको आवास पुनर्निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउने छ ।

| | |
|---|---|
| **प्रथम पक्ष (लाभग्राही)** | |
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** | |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा): ...........................................................................<br>लाभग्राहीको नाम, थर (नेपालीमा): ...........................................................................<br>**नगरिकता उल्लेखित ठेगाना**<br>जिल्ला: ..........................................गाविस/नपा: .................................... वडां नं. .......<br>ना.प्र.नं. : ....................... जारी जिल्ला: .................. जारी मिति ............../.........../......<br>जन्म मिति: ............../.........../...... सम्पर्क फोन नं. | |
| **स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा**<br>**(बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसराइ प्रमाणपत्र नं. ............................ बसाइसराइ मिति ............./.........../...... | |
| लाभग्राहीको फोटो | **फोटो** |
| **सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण**<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) | |
| संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर :............................................................ | |
| **स्थायी ठेगाना** | |
| जिल्ला: ........................... | गाविस/नपा : ........................... |
| वडा : ........................... | गाँउ/टोल : ........................... |
| ना.प्र.नं. : ........................... | जारी जिल्ला : ........................... |
| जारी मिति: ............./.........../...... | जन्म मिति: ............./.........../...... |
| **बाजेको नाम, थर:**............................................................................ | |

| |
|---|
| **बाबुको नाम, थरः**............................................................................<br>**लाभग्राहीसँगको नाता :**..........................................................................<br>**सम्पर्क फोन नं. :**............................................................................ |
| लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप<br>दायाँ बायाँ<br>लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर<br>....................................<br>मितिः ............../.........../...... |
| **(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**<br>बैंक खाता नं. :...........................................................................<br>खातावालाको नाम, थर :............................................................................<br>बैंकको नाम :...........................................................................<br>शाखा :........................................................................... |
| **(ग) घर निर्माण हुने जग्गाको विवरणः**<br>कित्ता नं. .................................... क्षेत्रफल ........................................... वर्ग मिटर<br>ठेगानाः जिल्ला ...................................................... गाविस/नपा .........................<br>**निर्माण हुने घरको किसिम :**<br>डिजाइन क्याटलगबाट छानिएको डिजाइन भए डिजाइन नं. ............................................<br>**वा आफ्नो बेग्लै डिजाइन बनाउने भए,**<br>क) गारो वा पिलरको किसिम नं. ......................................<br>ख) तल्ला वा छानाको किसिम नं. ......................................<br>ग) नक्सा पास भएकोमा नक्शा पास नं. ...................................... अन्य ........................<br>*तोकिएको न्यूनतम मापदण्ड अनुसार आवास पुनर्निर्माण गर्न सहमत छु ।* |
| **(घ) इच्छाएको व्यक्तिको नाम, थरः** ..................................................................<br>**लाभग्राहीसँगको नाता :** .................................................................. |
| **(ङ) साक्षीको नाम, थरः** ..................................................................<br>**हस्ताक्षर :** .................................................................. |

| **दोश्रो पक्ष (डिभिजन कार्यालय, ........)** | **कार्यालयको छाप** |
|---|---|
| कार्यालयको नाम, ठेगानाः.................................................................<br>अधिकार प्राप्त कर्मचारीको नामः .......................................<br>पद : ......................................<br>हस्ताक्षर : .......................................<br>मितिः ............../.........../...... | |

आवश्यक कागजातहरु

1. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
2. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
3. फोटो
4. सर्वेक्षण निस्सा
5. जिल्ला दैविक प्रकोप उद्धार समितिको निस्सा र सिफारिस
6. प्रतिनिधिको हकमा अधिकार प्रत्यायोजनको कागजात

## अनुसूची २

**दफा ६ उपदफा (३) संग सम्वन्धित**

**बाढी र पहिरोबाट घडेरी तथा निजी आवास क्षतिग्रस्त भएकोमा जग्गा खरिद र आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता-पत्र**

| | |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्धार समितिको निस्सा नं. | |
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

२०७१ साल …………महिना …………गते आएको बाढी र पहिरोबाट क्षतिग्रस्त भएका आवास पनुर्निर्माणका लागि ………………………………… जिल्ला ……………………… गाविस/नपावडा नं. ………………… गाँउ/टोल …………………………………………………… बस्ने श्री ……………………………………………………………… को नाती/नातीनी/बुहारी श्री ………………………… को छोरा/छोरी/श्रीमती वर्ष ………… को लाभग्राही श्री ……………………… (**यस पछि प्रथम पक्ष भनिने**) र ……………………… सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण बिभाग, डिभिजन कार्यालय, …………… (**यस पछि दोस्रो पक्ष भनिने**) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवास पुनर्निर्माण गर्न गराउन मिति २०७ …… साल ………. महिना………. गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं ।

**<u>प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरु</u>**

1. मेरो घर र जग्गा २०७१ साल …………महिना …………गते आएको बाढी पहिरोबाट क्षतिग्रस्त भएको ठीक साँचो हो ।
2. मेरो अर्को बसोबास योग्य घर र जग्गा छैन । मैले एउटा घर पुनर्निर्माण गर्नको लागि मात्र अनुदान माग गरेको छु ।
3. मैले अरु निकाय वा संघसंस्थाबाट घर पुनर्निर्माण तथा जग्गा खरिदका लागि अनुदान प्राप्त गरेको छैन र गर्ने पनि छैन ।
4. म/मेरो परिवारका लागि घर पुनर्निर्माण गर्नका निम्ति मेरो/मेरो परिवारको नाममा घडेरी जग्गा छैन ।
5. जग्गा खरिद गर्नका लागि दिएको अनुदान रकमबाट यसै जिल्लाको उपयुक्त स्थानमा घडेरी खरिद गर्नेछु ।
6. मैले पुनर्निर्माण गर्ने घर बाढी र पहिरोबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३ एवं सम्झौता-पत्रमा उल्लिखित शर्त, मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउनेछु ।
7. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।
8. मैले प्राप्त गर्ने आवास पनुर्निर्माण अनुदान रकम घर पुनर्निर्माणको लागि मात्र खर्च गर्नेछु ।
9. मेरो घर पुनर्निर्माणका निम्ति उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा अन्य स्रोत जुटाई वा निर्व्याजी कर्जा वा भुकम्प पिडित सरह विशेष आवास कर्जाबाट निर्माण कार्य सम्पन्न गर्नेछु ।
10. पुनर्निर्माण कार्यक्रम अन्तर्गत दिइने अभिमुखीकरण तथा तालिम कार्यक्रममा म सहभागी हुनेछ ।
11. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत पहिलो किस्ता रकम रु. पचास हजार प्राप्त गर्नेछु ।

12. मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम प्लिन्थ तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि दोस्रो किस्ता रकम रु. एकलाख पचास हजार प्राप्त गर्नेछु ।
13. मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम छाना छाउनु अगाडिको तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि तेस्रो किस्ता रकम रु. एक लाख प्राप्त गर्नेछु ।
14. तेस्रो किस्ताको रकम छाना छाउने, शौचालय निर्माण गर्ने र वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाँकी कार्य सम्पन्न गर्न खर्च गर्नेछु ।
15. छाना निर्माण सम्पन्न भएपछि घरको पुनर्निर्माण कार्य स्वीकृत मापदण्ड र प्रविधि बमोजिम भए नभएको सम्बन्धमा प्रमाणीकरण गर्न गराउन मेरो मञ्जुरी छ ।
16. मेरो घर निर्माण कार्य तोकिएको गुणस्तर, मापदण्ड र प्रविधि अनुरुप नभएमा आफ्नो स्रोत, साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ ।
17. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (डिभिजन कार्यालय, ................) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको आवास पुनर्निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउने छ ।

| | |
|---|---|
| **प्रथम पक्ष (लाभग्राही)** | |
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** | |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा): ........................................................................<br>लाभग्राहीको नाम, थर (नेपालीमा): ........................................................................ | |
| **नगरिकता उल्लेखित ठेगाना**<br>जिल्लाः ........................................गाविस/नपाः .................................. वडां नं. .......<br>ना.प्र.नं. : ....................... जारी जिल्लाः .................. जारी मिति ............../.........../......<br>जन्म मितिः ............../.........../...... सम्पर्क फोन नं. | |
| **स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा (बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसराइ प्रमाणपत्र नं. ............................. बसाइसराइ मिति ............../.........../...... | |
| लाभग्राहीको फोटो | **फोटो** |
| **सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण**<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि) | |
| संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर :............................................................ | |
| **स्थायी ठेगाना** | |
| जिल्लाः ........................... | गाविस/नपा : ........................... |
| वडा : ........................... | गाँउ/टोल : ........................... |
| ना.प्र.नं. : ........................... | जारी जिल्ला : ........................... |
| जारी मितिः ............../.........../...... | जन्म मितिः ............../.........../...... |

**बाजेको नाम, थरः**..........................................................................
**बाबुको नाम, थरः**..........................................................................
**लाभग्राहीसँगको नाता :**..........................................................................
**सम्पर्क फोन नं. :**..........................................................................

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर
....................................
मितिः ............../.........../......

**(ख) बैंक खाता विवरण** (**तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने**)
बैंक खाता नं. :..........................................................................
खातावालाको नाम, थर :..........................................................................
बैंकको नाम :..........................................................................
शाखा :..........................................................................

**(ग) घर निर्माण हुने जग्गाको विवरणः**
कित्ता नं. .................................... क्षेत्रफल .......................................... वर्ग मिटर
ठेगानाः जिल्ला .................................................... गाविस/नपा .........................
**निर्माण हुने घरको किसिम :**
डिजाइन क्याटलगबाट छानिएको डिजाइन भए डिजाइन नं. ............................................
**वा आफ्नो बेग्लै डिजाइन बनाउने भए,**
क) गारो वा पिलरको किसिम नं. ......................................
ख) तल्ला वा छानाको किसिम नं. ......................................
ग) नक्सा पास भएकोमा नक्शा पास नं. ...................................... अन्य ........................
*तोकिएको न्यूनतम मापदण्ड अनुसार आवास पुनर्निर्माण गर्न सहमत छु ।*

**(घ) इच्छाएको व्यक्तिको नाम, थरः** ....................................................................
**लाभग्राहीसँगको नाता :** ....................................................................

**(ङ) साक्षीको नाम, थरः** ....................................................................
**हस्ताक्षर :** ....................................................................

| **दोश्रो पक्ष (डिभिजन कार्यालय, ........)** | **कार्यालयको छाप** |
| --- | --- |
| कार्यालयको नाम, ठेगानाः.................................................................<br>अधिकार प्राप्त कर्मचारीको नामः ......................................<br>पद : ......................................<br>हस्ताक्षर : ......................................<br>मितिः ............../.........../...... | |

आवश्यक कागजातहरु

1. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
2. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
3. फोटो
4. सर्वेक्षण निस्सा
5. जिल्ला दैविक प्रकोप उद्धार समितिको निस्सा र सिफारिस
6. प्रतिनिधिको हकमा अधिकार प्रत्यायोजनको कागजात